# नेपाल राष्ट्र बैंक

नेपालगञ्ज कार्यालय

## **Branded Computer**

## खरीद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

### (प्रथम पटक प्रकाशित मिति : २०६६/०९/०७)

यस कार्यालयको लागि Branded Computer थान- ९ (नौ) खरिद गर्नु परेकोले इच्छुक फर्म/कम्पनी संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. उक्त सामानहरु खरिदका लागि मुल्य अभिवृद्धि कर वाहेक अनुमानित लागतको रु.४,३८,०००/०० गरिएकोछ । अनुमानित लागत भन्दा बढी दरको दरभाउपत्र स्वीकृत गरिने छैन ।

२. दरभाउपत्र फारामको प्रस्तावका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क. मांग गरिएको सामान आपूर्ति गर्न ईजाजत प्राप्त फर्म, सँस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

ख मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा (PAN) दर्ता नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

ग. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सँजाय नपाएको भनि लिखित घोषणा पत्र ।

घ. गत आर्थिक बर्ष २०६५/६६ को आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर बिबरण पेश गरेको कागजात वा कर विवरण बुझाउंन म्याद थप गरेका पत्र ।

ङ. Technical Specification तथा सो संग सम्बन्धित क्याटलग म्यानुअल, वारेण्टी, सर्पोट सर्भिस सुविधाहरु र अन्य सम्बन्धित कागजातहरु संलग्न गर्नु पर्नेछ । क्याटलग म्यानुअल पेश गर्दा बैंकले तोकेको स्पेसिफिकेशनमा उल्लेखित बिबरणहरु समावेश भएको क्याटलग संलग्न गरी फर्म/कम्पनी/सँस्थाको तर्फबाट प्रमाणित गरी सहीछाप समेत गरेको हुनु पर्नेछ । सो बमोजिम नभएको क्याटलगलाई स्वीकार गर्न बैंक बाध्य हुनेछैन ।

३. फर्म/संस्था/कम्पनीको तर्फबाट दरभाउपत्र फाराम पेश गर्दा सम्बन्धित फर्म/संस्था/कम्पनीका तर्फबाट अख्तियार दिईएको भए सोको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्रसाथ बिडबण्ड वापत आफुले कबुल गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम यस बैंकको स.के.हि.पार्टी हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने अन्य बैंक तथा वित्तीय संस्थाबाट जारी भएको दरभाउपत्र खोल्ने मितिबाट कम्तीमा ६० दिन अवधि भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ ।

५. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १५ औं ( २०६६/०९/२१) दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) २.०० बजेसम्म रु.५००।०० ( पछि फिर्ता नहुने गरी ) दरभाउपत्र दस्तुर तिरी यस कार्यालयको आन्तरिक प्रशासन फांटबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गरेको रु.५००/- को बैंक भौचर दरभाउपत्र फारममा संलग्न गरी पेश गर्नु पर्नेछ ।

६. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं ( २०६६/०९/२२) दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) अपरान्ह १२:०० बजेभित्र यस बैंकको आन्तरिक प्रशासन फांटमा दरभाउपत्र दाखिला भई सक्नु पर्नेछ ।

७. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं (२०६६/०९/२२) दिनको (सो दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको दिउंसो १:०० बजे देखि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा ( उपस्थिति नभए पनि ) दरभाउपत्र खोलिने छ ।

८. दरभाउपत्रदाता कुनै सरकारी वा गैर सरकारी संस्था वा बैंक तथा वित्तीय संस्थाको "कालो सूची" मा नपरेको हुनु पर्नेछ ।

९. दरभाउपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकको निर्णयमा निहित हुनेछ ।

१०. दरभाउपत्र खाममा सिलवन्दी गरी पेश गर्नु पर्ने ।

११. दरभाउ पत्र साथ संलग्न फाराम, शर्त र निर्देशनहरु लगायत सम्पूर्ण कागजातहरुको प्रत्येक पेजमा दरभाउपत्र दाता वा निजको अख्तियार प्राप्त प्रतिनिधीले दस्तखत गरी सम्बन्धित फर्म/संस्था/कम्पनीको छाप लगाईएको हुनु पर्दछ ।

१२. यो दरभाउपत्रको सूचना नेपाल राष्ट्र बैंकको वेभसाइड (www.nrb.org.np) मा पनि हेर्न सकिनेछ ।

१३. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंक, खर्च व्यबस्था विनियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस बैंकको आन्तरिक प्रशासन फांटमा कार्यालय समयभित्र सर्म्पक राख्न सकिनेछ ।